

What is the Importance of
The Old Testament ?
STUDY # 11
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 11
WHAT IS THE IMPORTANCE OF
THE OLD TESTAMENT ?

# बाइबलका गहिरा सत्यताहरु

# पाठ - ११

# "पुरानो करारको महत्व के हो?"

***पुनश्च:कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला ।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्धत गरिएका छन।***

आज हाम◌ीले बाइबलको पुरानो करारको महत्व र उदेश्यको बिषयमा हेर्नेछौ।




पुरानो करारमा ३९ वटा पुस्तकहरु छन जसले बाइबलको ३/४ भाग ओगटेको छ।आज,धेरैजसोले पुरानो करारलाई त्यति महत्त्व नदिएको हामी पाउदछौ।यथार्थमा,बाइबल सोसाइटीले पनि पुरानो करारलाई हटाएर नयाँ करार मात्रै भएको बाइबल छाप्ने गर्दछ।

अनि,पुरानो करारबाट भजनसंग्रह,हितोपदेश र उपदेशकको पुस्तक बाहेक अरु पुस्तकहरुलाई बिरलै पढेको पाउदछौ।धेरैले पुरानो करारका सबै घटनाहरु घटिसकेको कारण यो इतिहासको रूपमा मात्र लिने गर्दछन।



इस्राएल र त्यस राष्ट्रको अनुभवहरु,युद्दहरु,व्यक्ति बिषेशका कथाहरु, उनीहरुको भनाईहरु,इस्राएल राष्ट्रको मिश्र देश देखि कनान सम्मको यात्रा र त्यसपछिका घटनाहरु पनि किन बाइबलमा लिखित गरिएको छ त?के यो साँच्चै पुरानो इतिहासको कथा वा बाइबलिय इतिहास मात्र हो त?के यो हजारौ वर्ष पहिला घटिसकेका घटनाहरुको वृस्तित लेखापढी र टिपोट मात्र हो त? यसको उद्देश्य के हो त?अनि अन्तिम प्रश्न,यो पुरानो करार हामी ख्रीष्टियानहरुको निम्ति किन,कति र कसरी महत्त्वपूर्ण छ त?आउनुहोस,अब कारणहरुलाई एक-एक गरी केलाउदै जाऔ।

१) पहिलो कारण:हिब्रु १०:१ *"किनकी जुन व्यवस्थासँग पछि आउने असल कुराहरुको खास रुप चाहिँ होइन,तर तिनको छाँया मात्र थियो,त्यस व्यवस्थाले ति एकै प्रकारका बलिदानहरुद्वारा,जुन बलिदानहरु तिनीहरुले वर्ष-वर्ष चढाइरहेका थिए,नजिक आउनेहरुलाई कहिल्यै सिद्द पार्न सक्दैन।"*

यसको अर्थ के हो?छाँयाको अर्थ के हो?अब आउने उत्तम कुराहरुले के संकेत गर्दछ?यहाँ प्रेरित पावलले परमेश्वरले मोशालाई दिनुभएको बिधि बिधानहरु नै अब आउने उत्तम कुराहरुको छाँया हो भनेका छन।तब कहिले यि उत्तम कुराहरु हुन्छन त?हो,परमेश्वरको पुत्र येशू ख्रीष्टपछि हामी सबैलाई थाहा छ कि,परमेश्वरको निश्चित योजना छ।तर,येशू ख्रीष्टको आगमनभन्दा पहिला पृथ्वीका बासिन्दाहरुलाई न त यो कुरा स्पष्ट थियो न बुझेका नै थिए।अब आउने उत्तम कुराहरुले,येशू ख्रीष्टको कलबरिको क्रुशमा भएको मृत्युलाई केन्द्रमा राखेर प्रभुले मानवजातीलाई पाप र मृत्युको पन्जाबाट मुक्त गर्न र छुटकारा दिने उहाँको इश्वरिय मुक्तिको विशाल योजनालाई संकेत गर्दछ।तसर्थ,येशू आइसकेपछि पुरा हुने इश्वरिय योजनाहरुलाई (गलाती ४:४) येशूको आगमनभन्दा पहिला छाँयाको रुपमा मात्रै देखाइयो।यि छाँयाहरु अहिलेको समयहरुमा घर बनाउने इन्जिनियरले घर बनाएर सिद्दाई सकेपछि कस्तो देखिन्छ भन्ने ठेट दृश्यलाई घर बन्नु भन्दा पहिला नै नक्शामा उतारेको जस्तो मात्र हो।



बाइबलिय भाषामा यसलाई छाँया(TYPES)भनिन्छ जसलाई ग्रीक भाषामा 'TYPOS' भनिन्छ र तिनीहरुको यथार्थ घटना वा पछि पुरा हुने सत्यतालाई चाही 'ANTITYPES' वास्तविकता भनिन्छ।हो, पुरानो करार 'TYPE' र 'ANTITYPE' ले भरिपुर्ण छ।तसर्थ,प्रेरित पावलले हिब्रु १०:१ (फेरी पुरा पढ्नु होस)मा पुरानो करारमा उल्लेख भएको वार्षिक बलिदानहरु आउने ख्रीष्टको बलिदानको छाँया मात्र थियो भन्दछन किनकि साँढे र बोकाको रगतले मानिसको पाप पखाल्न सक्दैनथ्यो जसरी हिब्रु १०:४ मा हामी पढ्न पाउछौ।

*"किनकि बहर र बाख्राहरूको रगतले पापहरू हरण गर्न असम्भब छ।"*

अब,हामी पुरानो करारको दोश्रो महत्व हेरौ।

२) दोश्रो कारण: रोमी १५:४,

*"किनकि जे-जे कुराहरु पहिले लेखिए,ति कुराहरु हाम्रै शिक्षाका निम्ति लेखिएका थिए,हामीले धीरज र पवित्र शास्त्रहरुको सान्त्वनाद्वारा आशा पाउन सकौं भनेर।"*



त्यसैले,पुरानो करारको(अघि अघि लेखिएका)सबै लिखोटहरु हाम्रो (मण्डली) लागी,विशेष गरी हाम्रो शिक्षा,धैर्यता र ढाडसका निम्ति लेखिएका थिए।जसरी,शारिरिक कमजोरी र दुर्बलताहरु हुन्छन त्यसरी नै आत्मिक कमजोरी र दुर्बलताहरु पनि हुन्छन।



जसरी,कसैलाई रुगाखोकी लाग्दछ,तब उसले त्यस रोगलाई निको पार्न ‘Coldact‘ वा ‘Coldarin‘ जस्ता दबाईहरुको जोहो गर्दछ।त्यसरी नै ज्वरो आएमा Crocin,Novalgin,Imol जस्ता औषधीहरुको खोजी गरिन्छ।यि औषधीहरु शारिरिक चङ्गाईको निम्ती प्रयोग गरिन्छ।



त्यसरी नै आत्मिक रोगहरु पनि हुन्छन जसलाई निको पार्न आत्मिक औषधीहरु नै चाहिन्छ।आऔ,अब हामी केही आत्मिक रोगका अवस्थाहरुलाई हेरौ।के हुन्छ जब कसैको विश्वास कमजोर र शिथिल हुँदै जान्छ?यसको आत्मिक औषधी भनेको 'अब्राहाम' हो।



तीन दिनको लामो यात्रा सयर गरेर परमेश्वरको आज्ञालाई शिरोपर गर्दै आफ्नै एकमात्र पुत्रलाई पनि होमबलिको रूपमा चढाउन तयार हुने अब्राहामको परमेश्वरप्रतिको विश्वासले हामीलाई पनि त्यही परमेश्वरमाथी भरोसा राख्न र विश्वास बढाउन प्रेरणा मिल्दछ।(उत्पत्ति २:१५-१५)।के हुन्छ जब कसैको यस संसारमा अविश्वासीहरुको बिचमा जिउने धैर्य नै हराएर जाँदछ?

यसको आत्मिक औषधी चाँही दानियल हो।दानियलले पहिला बेबिलोनीको बिचमा,अनि मेदो–पर्सियनहरुको बिचमा परमेश्वरप्रतिको भक्ति भयको प्रदर्शन र उसले अविश्वासीहरुको बिचमा पनि सँधै परमेश्वरको हुँ भन्ने स्वीकार गर्ने त्यो अठोटले हामीलाई पनि आज त्यही एउटै परमेश्वरप्रति समर्पित हुने जोश पैदा गराउदछ।



के हुन्छ जब जिवनका अनेकन बाधा अवरोध र समस्याहरुले हाम्रो धैर्यको बाँधलाई फुटाइ परमेश्वरप्रति गनगन गर्ने अवस्था सृजना गर्दछ?

यसको आत्मिक औषधी "अय्युब" हो।आउनुहोस्,हामी अय्युबको अनुभवहरु र सतावटहरुलाई उसकै शब्दहरुमा अय्युब १:२१ मा पढौ।

*"अनि तिनले भने:"मेरी आमाको गर्भबाट म नाङ्गै निस्केर आए,र नाङ्गै म त्यहाँ फर्केर जानेछु;परमप्रभुले दिनुभयो,र परमप्रभुले लानुभयो, परमप्रभुको नामको धन्य होस्!"*



अनि,फेरि हामी अय्युब २:९,१० लाई पनि पढौ।

*"९ तब तिनकी पत्निले तिनलाई भनिन्:"के तपाई अझै आफ्नो इमान्दारीतामा अडिई रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्!"१० तर तिनले उसलाई भने:"तिमी एउटी मुर्ख स्त्री बोलेझै बोल्छ्यौ।हो,हामी परमेश्वरको हातबाट असल कुरा लिन्छौ;तब के हामी खराब कुरा नलिऔ त?"यी सबै कुराहरुमा अय्युबले आफ्ना ओठले पाप गरेनन्।"*

हो,हाम्रो पिडा र समस्याहरु अय्युबको दाँजोमा केही पनि होईनन।यसको अलवा,उसको परमेश्वरप्रतिको विश्वासको अभिव्यक्तिहरुले आज पनि हामीलाई त्यही परमेश्वरप्रति धिरज राख्न हौसला प्रदान गर्दछ।अनि,यस्ता आत्मिक औषधी र खुराकको सुची अझै लम्बिदै जान्छन।जस्तै नोहा,मोशा,युसुफ,दाउद,एलिशा आदी।तिनीहरु सबैको जिवन गाथा र अनुभवहरुले आज हामीलाई (मण्डली) पनि उत्साह र ढाडस दिदछ।अब आउनुहोस्,हामी तेश्रो कारणतर्फ जाऔ।

३)तेश्रो कारण:

१ कोरिन्थी १०:११

*"अब उदाहरणका निम्ति यि सबै कुराहरु तिनीहरुमाथि आइपरे,र हाम्रै चेतावनीका निम्ति लेखिएका हुन,जसमाथि संसारका अन्तहरु आइपुगेका छन्।"*

यसको अर्थ पुरानो करारको सम्पूर्ण घटनाहरु हामी मण्डलीको लागी उदाहरणहरु मात्र हुन।

उदाहरणहरु के हुन?कसैको जिवनमा यथार्थमा घटेका घटनाहरु जस्तै पुरानो करारका पात्रहरुको जिवनमा घटनाहरुको यथार्थ चित्रण नै उदाहरणहरु हुन।यो उदाहरणको ठेट अर्थ के हो त? यसलाई हामी स्पष्ट रूपमा बुझ्नका लागि पुरानो करारको कुनै एउटा उदाहरणलाई हेरौ।हामीले उत्पत्ति २४:१-६७ मा लिखित घटनाहरुलाई स-विस्तार पढौ।यो अब्राहामले आफ्नो एकमात्र अति प्रिय सुपुत्र इसहाकको निम्ति दुलही खोज्न आफ्ना चाकरलाई पठाएको वृस्तित कथा छ।शुरुमा, हामीले १ र २ पदलाई पढौ।

*“अनि अब्राहम वृद्ध भए,र उनको उमेर ढल्किसकेको थियो;अनि परमप्रभुले अब्राह ामलाई सबै कुरामा आशिर्बाद दिनुभएको थियो।२अनि अब्राह ामले आफ्नो घरको आफ्नो सबैभन्दा वृद्ध सेवकलाई भने,जसले उनको सबै सम्पत्तिमाथि अख्तियार राख्दथियो:"म विन्ती गर्दछु,तिमीले आफ्नो हात मेरो तिघ्रामुनि राख!“*

हो,अब्राहामले आफु उमेर धेरै गइसकेपछि उसको एकमात्र पुत्र इसहाकको निम्ति दुलही खोज्ने योजना बनाउँदछन।त्यसपछि अझ तलका ३,४ पदलाई पनि पढौ।



*"अनि म तिमीलाई परमप्रभु स्वर्गका परमेश्वर र पृथ्वीका परमेश्वरका नाममा शपथ खान लाउँछु;कि जुन कनानीहरुको बिचमा म बस्दछु, तिनीहरुका छोरीहरु मध्यबाट तिमीले मेरा छोराका निम्ती कुनै पत्नी नल्याउनु;४तर तिमी मेरै देशमा,मेरै कुटुम्बकहाँ जानु र मेरो छोरो इसाहकको निम्ती एउटी पत्नी ल्याउनु!“*

अब्राहामले आफ्नो प्रमुख नोकर एलिएजरलाई (उत्पत्ति १५:२, *मेरो घरको उत्तराधिकारी दमस्कसको एलिएजर हुनेछ*) इसहाकको निम्ती कनानी स्त्रीहरु मध्यबाट नभई आफ्नै देशबाट आफ्नै कुटुम्बकहाँ गइ वा टाढा देशमा गइ श्रीमती ल्याउने शपथ खान लगाउँदछन।अनि हामीले १० पद मा पढौ।

*“अनि त्यो सेवक आफ्ना मालिकका उँटहरुमध्य दसओटा उँट लिएर बाटो लाग्यो;किनकी उसका मालिकका सबै सम्पत्ति उसकै हातमा थियो;अनि उ उठ्यो र मेसोपोटामियामा नाहोरको शहरमा गयो।“*

हो,एलिएजरले दशवटा उँटमा असल-असल चिजहरु राखेर मेसोपोटामियाका नाहोर शहरतर्फ लामो यात्रामा निस्के।अनि हामी ११ पद मा पढौ।





*"अनि साँझको बेला अर्थात त्यसबेला,जब स्त्रीहरु पानी भर्न बाहिर निस्कन्छन,उसले शहर बाहिर पानीको ईनारनिर आफ्ना उँटहरुलाई घुँडा टेकायो।"*

अनि, यात्रा साँझपख एउटा पानीको कूवामा पुगेर टुङ्गियो,जति बेला आईमाईहरु पानीको कूवामा पानी भर्न जान्थे।



त्यही पानीको कूवाको छेउमा एलिएजरले बसेर उँटहरुको बिचमा प्रार्थना गर्न थाल्दछन जसरी हामी १२-१४ मा पढ्दछौ।

*"१२ अनि उसले भन्यो:'हे परमप्रभु मेरा मालिक अब्राह◌ामका परमेश्वर,म तपाईलाई विन्ती गर्दछु,आज मलाई सफलता दिनुहोस् र मेरा मालिक अब्राह◌ामप्रति दया देखाउनुहोस् !१३ हेर्नुहोस्,म यहाँ पानीको इनारनिर उभिरहेको छु;अनि यस शहरका मानिसका छोरीहरु पानी भर्न निस्केर आउछन:*
*१४ अनि यस्तो होस्:जुन ठिटीलाई म भनुँला:'म बिन्ती गर्छु,आफ्नो गाग्रो तल ओरालिदेउ,र म पिउन पाउँ!',अनि त्यसले भन्ली:'पिउनुहोस्!अनि म तपाईका उँटहरुलाई पनि पिउन दिनेछु';यहि चाहि◌ँ आफ्नो दास इसाह◌ाकको निम्ति तपाईले ठहऱ्याउनु भएको व्यक्ति होस्!अनि यसैबाट तपाईले मेरा मालिकलाई दया देखाउनुभएको छ भनेर म जान्नेछु।"*

हो,एलिएजरले अब्राहामका परमेश्वरसँग चिन्ह सहित ठिक र उचित चुनिएको स्त्री पत्ता लगाउन सहायता मागी प्रार्थना गर्छन।

*"अनि त्यसले भन्ली:'पिउनुहोस्!अनि म तपाईका उँटहरुलाई पनि पिउन दिनेछु';यहि चाहि◌ँ आफ्नो दास इसाह◌ाकको निम्ती तपाईले ठहऱ्याउनु भएको व्यक्ति होस्!"*

"अनि त्यसपछी के हुन्छ?आउनुहोस,तलका पदहरु पढ्दै जाऔ।

उत्पत्ती २४:१५

*"अनि यस्तो भयो:उसले बोलिसक्नुभन्दा पहिल्यै,हेर,आफ्नो काँधमा आफ्नो गाग्रो बोकेर रिबेका निस्केर आइन्,जो अब्राहामको भाई नाहोरकी पत्नी मिल्काको छोरा बतुएलकी छोरी थिईन्।"*



एलिएजरले भनि नसक्दै रेबिका पानीको कूवामा पानी लिन आइन।अनि त्यसपछी के हुन्छ त? १६ पदलाई हेरौ।

*"अनि ति ठिटी हेर्नमा अत्ति सुन्दरी थिइन्,कन्या रहेछिन्,कुनै पुरुषले तिनलाई जानेको रहेनछ;तिनी इनारमा ओर्लीन् आफ्नो गाग्रो भरिन् र माथि आइन्।"*

हो, तिनी अत्यन्तै सुन्दरी र कन्या थिइन।अनि अझ तल पढ्दै जाऔ।

उत्पत्ती २४:१७-१९

*"अनि त्यो सेवक त्यसलाई भेट्न दगुर्यो,र भन्यो;"म बिन्ती गर्दछु,तिम्रो गाग्रोबाट मलाई अलिकती पानी पिउन देउन्!"१८अनि तिनले भनिन्:"पिउनुहोस्,मेरा प्रभु!"अनि तिनले हतार गरेर आफ्नो गाग्रो आफ्नो हातमा ओरालिन् र उसलाई पिउन दिइन्।१९अनि उसलाई पिउन दिइसकेपछि तिनले भनिन्:"म तपाईंका उँटहरुका निम्ती पनि,जबसम्म तिनीहरुले पिइसक्दैनन्,म पानी भर्नेछु।"*



हो,एलिएजरले उसलाई पानी खान माग्ने बित्तिकै तुरुन्तै उसले हजुर खानुहोस भनिन र उँटहरुलाई पनि पानी दिने अठोट देखाइन।हेर्नुहोस त,एलिएजरले ठिक स्त्री छनौटको लागि गरेको चिन्ह सहितको प्रार्थना ठ्याक्कै/दुरुस्तै कसरी पुरा भयो।अनि हामी अझै २०–२१ पदहरुलाई पनि हेरौ।

*"तब तिनले हतार गरेर आफ्नो गाग्रोको पानी डुँडमा खन्याइन्,अनि फेरी इनारमा पानी भर्न दगुरिन्;यसरी तिनले उसका सबै उँटहरुका निम्ती पानी भरिन्।अनि परमप्रभुले मेरो यात्रा सफल तुल्याउनुभएको छ कि छैन भनी जान्नका निम्ती त्यो मानिस छक्क परेर तिनलाई हेर्दै चुप लागिरहयो।"*

हो,रिबेकाले १० वटा ऊँटलाई पानी खुवाउने अत्यन्तै कष्टकर काम गरिन।कल्पना गर्नुहोस,एउटा ऊँटलाई कम्तीमा पनि १० गाग्री पानीले पुग्थ्यो भने सबै गरेर उनले १०० गाग्री पानी ऊँटहरुलाई खुवाइन।अनि एलिएजरले छक्क परेर रिबेकालाई हेरी परमेश्वरलाई आफ्नो प्रार्थना सुनिदिनुभएको निम्ति धन्यबाद चढाए।



अनि, हामी अझै तल पढौ,

उत्पत्ति २४:२२

*"अनि यस्तो भयो:ऊँटहरूले पानी पिईसकेपछि त्यस मानिसले आधा शेकेल तौलको सुनको एउटा नत्थी र दश-दश शेकेल तौलको सुनको बाला निकाल्यो। "*



रिबेकाले गरेका सबै कामहरु हेरिसकेपछि एलिएजरले एउटा नत्थ र सुनका बालाहरु उपहार स्वरूप रिबेकालाई दिए।तपाई कल्पना गर्न सक्नुहुन्छ रिबेका कति अचम्मित र प्रफुल्लित भईन होला।अनि ति असल उपहार पनि केबल १० वटा ऊँटलाई पानी खान दिएको कारणले मात्र।अनि हामी अझ तल पढ्दै जाऔं।

उत्पत्ति २४:२३

*अनि उसले भन्यो:"म बिन्ती गर्दछु,मलाई भन!तिमी कसकी छोरी होउ?के तिम्रा बुवाको घरमा हाम्रा निम्ति वास बस्नलाई ठाउँ छ?"*

अनि एलिएजरले उसको पारिवारिक पृष्ठभूमि सोधेर उसको घरमा बास मागेपछि रिबेकाले यसरी उत्तर दिन्छिन।

उत्पत्ति २४:२४

*"तब तिनले उसलाई भनिन्:म मिल्काका छोरा बतुएलकी छोरी हुँ,जसलाई मिल्काले नाहोरका निम्ति जन्माउनु भएको थियो।"*

तिनी अब्राहामका जेठो दाजु नाहोरक ी नातिनी थिइन।अनि रिबेकाले अझै भन्छिन।

उत्पत्ति २४:२५

*"अझै तिनले उसलाई भनिन्:"पराल र चारो पनि हामीसँग प्रशस्त छन,र वास बस्नलाई ठाउँ पनि छ।"*

त्यसपछि तिनले एलिएजरलाई आफ्नो घरमा निमन्त्रणा दिइ राती बास बस्न आग्रह गरी उनलाई र उसका ऊँटहरुलाई पुग्ने प्रशस्त वासस्थान र खाना रहेको कुरा जानकारी गराउदछिन।



निमन्त्रणा दिइसकेपछि रिबेका उत्साहसाथ आफ्नो घरपरिवारलाई जानकारी दिन दगुर्दै घरमा गइन।जसरी हामी उत्पत्ति २४:२८-३१ मा पढ्न पाउछौ।रिबेकाको लाबान नाउ ँ भएका एकजना दाजु थिए।लाबान निस्केर पानीको कूवानेर त्यस मानिस भएको ठाउँतिर दगुरेर गए।जब उनले आफ्नी बहिनीको नाकमा नत्थ र हातमा बाला देखेर 'त्यस मानिसले मलाई यसो भन्यो' भन्ने कुरा आफ्नी बहिनीबाट सुने, तब उनी त्यस मानिसकहाँ गए।

अनि पानीको कूवाको छेउमा ऊँटहरुका नजिकै त्यो उभिरहेको देखेर लाबानले भने 'हे परमप्रभुका आशिर्बादीजन भित्र आउनुहोस।किन बाहिरै उभिरहनुहुन्छ?मैले तपाईको निम्ति डेरा र ऊँटहरुका लागी ठाउँ तयार पारिराखेको छु।'

त्यसपछि तिनले आफ्नो बुवालाई र जेठादाजु लाबानलाई खबर गर्छिन।अनि तिनीहरु फेरी उल्टै दगुर्दै एलिएजर भएको पानीको कूवामा गएर उसलाई घर आउन निम्तो दिन्छन।किनकि,कसैले पनि त्यसरी सुनको बाला र नत्थ त्यसरी पानीको कूवामा इनाम स्वरूप पाउनु सामान्य कुरा थिएन।अन्त्यमा एलिएजरले आफ्नो परिचय खोल्दै ऊ के काम र उद्देश्यका साथ त्यस ठाउँमा आएको भन्नेकुरा भनिदिए।जसरी,हामी उत्पत्ति २४:३४ मा पढ्न पाउछौ।

*"अनि उसले भन्यो: "म अब्राहमको नोकर हुँ।"*

हो,एलिएजरले आफुलाई अब्राहामको नोकर हुँ भन्ने परिचय दिदै ऊ त्यस ठाउँमा यात्रा गर्नुको कारण खोल्दै गए जुन हामीले उत्पत्ति २४:३५–४८ मा पढ्न पाउछौ।

*"३५अनि परमप्रभुले मेरा मालिकलाई प्रशस्त आशिर्बाद दिनुभएको छ;अनि उहाँ महान हुनुभएको छ; अनि परमप्रभुले उहाँलाई भेडा बाख्राहरु,गाइबस्तुहरु,चाँदी,सुन,दासहरु,दासीहरु,उँटहरु र गधाहरु दिनुभएको छ।३६अनि मेरो मालिकको पत्नी साराले आफु वृद्ध भई सक्नुभएपछि मेरा मालिकका निम्ती एउटा छोरा जन्माउनुभयो;अनि उनैलाई उहाँले आफुसित भएका सबै थोक दिनुभएको छ।३७ अनि मेरा मालिकले मलाई यसो भन्दै शपथ खान लाउनुभयो:'जुन कनानीहरुको देशमा म बस्दछु,तिनीहरुका छोरीहरुबाट तिमीले मेरो छोराका निम्ती कुनै पत्नी नल्याउनु!३८तर तिमी मेरा बुवाको घर र मेरा कुटुम्बकहाँ जाउ,र मेरा छोराका निम्ती एउटा पत्नी ल्याउ!३९अनि मैंले मेरा मालिकलाई भनेः'हुनसक्छ,त्यो स्त्री मेरो पछि नलाग्ली।'४०तब उहाँले मलाई भन्नुभयो:'परमप्रभुले,जसको सामु म हिँड्दछु,आफ्नो दुत तिम्रो साथमा पठाउनुहुनेछ र तिम्रो यात्रा सफल तुल्याउनुहुनेछ;अनि तिमीले मेरा कुटुम्बकहाँबाट र मेरा बुवाको घरबाट मेरा छोराका निम्ती एउटा पत्नी ल्याउनेछौ।४१जब तिमी मेरा कुटुम्बकहाँ पुगौला,तब तिमी मेरो शपथबाट छुट्नेछौ;अनि उनीहरुले तिमीलाई केही दिएनन भने पनि तिमी मेरो सपथबाट छुट्नेछौ।४२ अनि आज म त्यस इनारमा आइपुगे,र भनेः'हे परमप्रभु मेरा मालिक अब्राहामका परमेश्वर,अब तपाईले म गईरहेको मेरो यात्रा सफल पारिदिनुहोस भने,४३ हेर्नुहोस्,म यस पानीको इनारनेर उभिरहेको छु;अनि यस्तो होस् :जब कन्या पानी भर्न आउँछे,र जब म उसलाई "म विन्ती गर्छु,तिम्रो गाग्रीबाट मलाई अलिकति पानी पिउन देउ"भनौला;४४अनि उसले मलाई भन्लीःपिउनुहोस्!अनि म तपाईका उँटहरुका निम्ती पनि पानी भर्नेछु'; तब परमप्रभुले मेरा मालिकका छोराका निम्ती ठहऱ्याउनु भएको स्त्री उहि होस्!'४५ मैले मेरो हृदयमा बोलिसक्नुभन्दा पहिल्यै,हेर्नुहोस्,आफ्नो काँधमाथि आफ्नो गाग्रो बोकेर रिबेका निस्केर आइन्;अनि तिनी तल इनारमा ओर्लिन् र पानी भरिन्;अनि मैले तिनलाई भनेः"दया गरी मलाई पिउन देउ! ४६ तब तिनले हतार गरेर आफ्नो काँधबाट आफ्नो गाग्रो ओरालिन्,र भनिन्ःपिउनुहोस्!अनि म तपाईका उँटहरुलाई पनि पिउन दिनेछु';अनि मैले पिएँ,अनि तिनले उँटहरुलाई पनि पिउन दिइन्।४७ अनि मैले तिनलाई सोधे र भनेःतिमी कसकी छोरी होउ?'अनि तिनले भनिन्:'म नाहोरका छोरा बतुएलकी छोरी हुँ,जसलाई मिल्काले नाहोरका निम्ती जन्माउनु भएको थियो।'तब मैले तिनको नाकमा त्यो नत्थ र तिनका हातहरुमा ति बाला लगाइदिए;४८ अनि मैले शिर झुकाएर परमप्रभुलाई दण्डवत् गरे,र परमप्रभु मेरा मालिक अब्राहामका परमेश्वरलाई धन्यको भने,जसले मेरा मालिकका भाईकी छोरीलाई उहाँका छोराका निम्ती लैजान मलाई ठीक बाटोमा डोऱ्याउनुभयो।"*

हो,एलिएजरले उसको यात्राको उद्देश्य,उसको त्यो पानीको कूवामा परमेश्वरसँगको अनुभव,कसरी परमेश्वरले उसलाई रिबेकालाई इसाहाकको अभिषिक्त पत्नी हो भनि पत्ता लगाउन अगुवाइ र सहयोग गर्नुभयो भन्ने कुराको बेलिबिस्तार लगाए।



यती भनि सिद्दाएपछि एलिएजरले उनीहरुको प्रतिकृया सोध्दछन जुन हामीले ४९ पदमा पढ्न सक्छौ।

*"अनि अब तपाईहरुले मेरा मालिकसँग दया र सत्यताको व्यवहार गर्नुहुन्छ भने मलाई भन्नुहोस्; अनि गर्नुहुन्न भने त्यो पनि भन्नुहोस्,र म दाँयातिर वा बाँयातिर लाग्न सकुँ!"*

उसले बतुएल र लाबानलाई रिबेकाको हातको लागी (म दाहिने–देब्रे जता हुन्छ लागुला)निर्णय माग्यो।अनि देब्रे (इन्कार) र दाहिने (स्वीकार) विवाहको स्वीकारोक्तिको चिन्ह थियो।अनि रिबेकाको परिवारले उत्तर दिए।

उत्पत्ती २४:५०,५१

*"तब लाबान र बतुएलले जवाफ दिएर भने:"यो कुरा परमप्रभुबाट हुन आएको हो;हामी तपाईलाई असल वा खराब केही भन्न सक्दैनौ।५१ हेर्नुहोस्,रिबेका तपाईकै सामु छ,तिनलाई लिएर जानुहोस्! अनि परमप्रभुले भन्नुभए झै तिनी तपाईका मालिकका छोराकी पत्नी होउन्!"*

अनि हामीले अझ तल पढ्दै जाऔ।

उत्पत्ति २४:५३

*"तब त्यस सेवकले चाँदीका गहनाहरु,सुनका गहनाहरु र वस्त्रहरु निकाल्यो र रिबेकालाई दियो; अनि उसले तिनका दाजु र तिनकी आमालाई पनि बहुमुल्य चिजहरु दियो।"*

यहाँ अलि अनौठो कुरा के छ भने,पहिले चाँदी  र अनि मात्र सुनका गहनाहरु दिइयो।हो,यहाँ गहिरो अर्थ लुकेको छ।त्यसपछि अझ पढ्दै जाऔ।



उत्पत्ति २४:५४-५६

*“५४ अनि उनीहरुले खाए र पिए,उसले र ऊसित भएका मानिसहरुले;अनि उनीहरु त्यो रात बास बसे;अनि बिहान उठे,र उसले भन्यो:"मलाई मेरा मालिककहाँ पठाउनुहोस्!५५ तर तिनका दाजु र तिनकी आमाले भने:"यस ठिटिलाई केही दिन,थोरैमा दश दिनसम्म हामीसँग बस्न दिनुहोस्!५६ तब उसले तिनीहरुलाई भन्यो:"तपाइहरुले मलाई नरोक्नुहोस्;किनभने परमप्रभुले मेरो यात्रा सफल पार्नुभएको छ; मलाई बिदा गर्नुहोस्,र म मेरा मालिक कहाँ जान पाउँ!"*

एलिएजरले त्यहाँ रात बिताइसकेपछि रिबेकाको परिवारहरुले उसलाई कमसेकम दश दिन त्यही रहन आग्रह गरे तर बिहानै एलिएजरले तुरुन्तै बिदा हुने अनुमति मागे।रिबेकाको परिवारहरुलाई अझै केहि दिन रहन एलिएजरलाई कर गरेतापनि ऊ आफ्नो निर्णयमा अडिग रही कनान जाने अडानमा रह्यो।जब एलिएजरले आफ्नो अडान छाडेनन,तब तिनीहरुले स्वयम रिबेकालाई बोलाई सोधे,जुन हामीले ५८ पदमा पाउदछौ।

*"अनि तिनीहरुले रिबेकालाई बोलाएर तिनलाई सोधे:"के तिमी यस मानिसको साथमा जान्छ्यौ?"अनि तिनले भनिन्:"म जान्छु।”*



कल्पना गर्नुहोस त,रिबेकाको विश्वास?उनले आफैले देख्दै नदेखेको र जससँग आफु २४ घण्टा पनि बिताएकी थिइनन,उनको साथमा ति व्यक्तिको पत्नी हुन राजी भइ जान स्वीकार गरिन।साच्चै,तिनले आफ्नो त्यो निर्णयबाट आफ्नो जिवनमा चूनौती लिइन।

अनि हामी अझ तल पढौ।

उत्पत्ति २४:६०

*"अनि तिनीहरुले रिबेकालाई आशिर्बाद दिएर तिनलाई भने:"हे हाम्री बहिनी,तिमी लाखौं लाखकी आमा होउ! अनि तिम्रो वंशले आफुलाई घृणा गर्नेहरुको मुलढोका अधिकार गरोस्!”*

हो,रिबेकालाई आफ्नो परिवारले बेग्लै खालको र अनौठो आशिष दिन्छन।साच्चै,यो अलि अनौठो वाक्य छैन र?कसरी,एउटा स्त्रीले त्यति धेरै बच्चा जन्माउन सक्छिन? हामीले यसको महत्व र अर्थ यहाँ पाठमा अलि पछी बुझ्नेछौ।अनि अझ तल पढ्दै जाऔ।



उत्पत्ति २४:६१

*"अनि रिबेका र तिनका सहेलीहरू उठे,ति उँटहरुमा चढे र त्यस मानिसको पछि लागे;अनि त्यो सेवक रिबेकालाई लिएर आफ्नो बाटो लाग्यो।"*

हो,अन्त्यमा रिबेकालाई लिएर एलिएजर त्यस ठाउँबाट छुट्यो, रिबेकाको साथमा उनका सहेलीहरू पनि उनलाई सहायता गर्न उनी सँग-सँगै हिडे।

अनि उनीहरुले अब्राहामको देश कनानसम्मको लामो यात्रा शुरु गर्छन।अन्त्यमा,त्यस यात्राको अन्त्यको विषयमा हामीले उत्पत्ति २४:६३-६७ मा पढ्न सक्छौ।

*" अनि साँझ पर्दै गर्दा इसाहाक ध्यान गर्न भनि मैदानमा निस्केका थिए;अनि उनले आफ्ना आँखाहरु उठाए,र हेरे;अनि हेर,उँटहरु आइरहेका थिए।६४ अनि रिबेकाले आफ्ना आँखाहरु उठाइन्,अनि जब तिनले इसाहाकलाई देखिन्,तब तिनी हतारसँग उँटबाट ओर्लिन्।६५ किनकी तिनले त्यस सेवकलाई भनेकी थिइन:"हामीलाई भेट्न मैदानमा हिड्दै आउने मानिस को हुनुहुन्छ?"अनि त्यस सेवकले भनेको थियो:उहाँ मेरो मालिक हुनुहुन्छ।"६६अनि त्यस सेवकले आफुले गरेका सबै कामहरु बतायो।६७अनि इसाहाकले तिनलाई आफ्नी आमाको पालभित्र लगे;अनि उनले रिबेकालाई ग्रहण गरे,र तिनी उनको पत्नी भईन्;अनि उनले तिनलाई प्रेम गरे।अनि इसाहाकले आफ्नी आमाको मृत्युपछि सान्त्वना पाए।"*



जब तिनीहरु गन्तव्यको नजिक आइपुग्छन्,तब उनीहरुले इसाहाक खेतमा ध्यान गरिरहेको देखे।तब,रिबेकाले एलिएजरलाई उनको परिचय सोध्दा मालिक हो भन्ने थाहा पाएपछि आफ्नो अनुहार घुम्टोले छोपिन्,अनि तिनीहरुले विवाह गरेर रिबेका इसाहाकको पत्नी भईन्।हो,यो एउटा वचनको भाग हो,एउटा उदाहरण,अझ एउटा "छाँया" जुन चाँही अब्राहामको जिवनमा घटेको थियो।अनि,यो घटना सहितको विवरण आज हामी मण्डलीको लागी अत्यन्तै महत्वपुर्ण र विशेष छ।अब,हामी यसको अर्थ र चित्रणलाई हेर्नेछौ।जसरी अब्राहामको आफ्नो एक मात्र प्यारो पुत्र इसाहाकको लागी दुलही हेर्न पठाए,हामीले दुलही छनौटको अर्को प्रकिया २ कोरिन्थी ११:२ मा पढ्न पाउछौ।

*"किनकी म इश्वरीय ईर्ष्याले तिमीहरुका लागी ईर्ष्यालु भएको छु:किनकी तिमीहरुलाई एउटी चोखी कन्याको रुपमा ख्रीष्टकहाँ अर्पण गरुँ भनेर मैले एक पतिका लागी तिमीहरुको मगनी गरिदिएको छु।"*

हो,यो ख्रीष्टको दुलही छनौटको प्रकिया हो।त्यो दुलही नै मण्डली हो।प्रकाश १९:७ लाई पढौ।

*"हामी खुशी होऔ खुबै आनन्द मनाऔ र उहाँलाई महिमा दिऔं; किनकी थुमाको विवाह आइपुगेको छ,अनि उहाँकि पत्नीले स्वयमलाई तयार पारेकी छिन्।"*

हो,अहिले त्यो दुलही/मण्डली जनहरु छान्ने प्रकिया भइरहेको छ।अनि हामीले यो पुरै अध्याय/उदाहरण/छाँया/स-विस्तार अध्ययन गरेर मन्डली जन/ख्रीष्टको दुलही छान्ने प्रकिया र विषयको बारेमा अझ स्पष्ट र गहिरो तवरमा बुझ्न सक्छौ।आउनुहोस्,अब हामी यस उदाहरणमा प्रयोग भएका विभिन्न छाँयाहरुको अध्ययन गरौ।

१. अब्राहाम:यो पात्रको छाँयाले हाम्रो पिता परमेश्वरलाई जनाउदछ।जसरी,अब्राहामले आफ्नो एक मात्र पुत्र पनि बलिदान गर्न तयार भए त्यसरी नै पिताले पनि आफ्नो एक मात्र पुत्र येशू ख्रीष्टलाई सारा संसारको मुक्तिको (युहन्ना ३:१६) निम्ती दिनुभयो।

२. इसहाक: यो पात्रको छाँयाले पिताको एकमात्र पुत्र येशूलाई (उत्पत्ति १:१८) चित्रण गर्दछ।

३. एलिएजर:यो पात्रको छाँयाले कसलाई जनाउदछ त?जसरी एलिएजर अब्राहामको प्रमुख नोकर थिए,त्यसरी नै पिता परमेश्वरको सबै कामहरुमा उहाँको प्रमुख नोकर/सेवक छ।प्राचिन कालमा जसरी नोकरहरु आफै बोल्न अनुमति थिएन/सक्दैनथे त्यसरी नै पिताको प्रमुख सेवक शक्तिको विषयमा हामीले युहन्ना १६:१३ मा पढ्दछौ।

*"तापनि जब उहाँ अर्थात सत्यको आत्मा आउनुहुन्छ,तब उहाँले तिमीहरुलाई सबै सत्यताभित्र डोऱ्याउनु हुनेछ,किनभने उहाँ आफ्नै तर्फबाट बोल्नुहुनेछैन,तर उहाँले जे सुन्नुहुनेछ,उहाँ त्यही बोल्नुहुनेछ;अनि उहाँले तिमीहरुलाई आउने कुराहरु बताउनु हुनेछ।"*

हो,पवित्र आत्माको इश्वरिय शक्तिद्वारा मात्र अहिले ख्रीष्टको मण्डली जन छनौट हुँदैछ।

लुका २४:४९

*"अनि हेर,म मेरा पिताको प्रतिज्ञा तिमीहरुमाथि पठाउँछु;तर माथिबाटको सामर्थ्य नपाउन्जेल तिमीहरु यरूशलेम शहरमा पर्खिरहो!"*

हो,एलिएजर प्रभुको पवित्र आत्माको चित्रण हो,अनि हामीले उत्पत्ति २४:३ मा पढ्न सक्छौ।

*"अनि म तिमीलाई परमप्रभु स्वर्गका परमेश्वर र पृथ्वीका परमेश्वरका नाममा शपथ खान लाउँछु;कि जुन कनानीहरुको बिचमा म बस्दछु,तिनीहरुका छोरीहरु मध्यबाट तिमीले मेरा छोराका निम्ती कुनै पत्नी नल्याउनु।"*

हो,परमेश्वरले (पिता) आफ्नो पुत्रको (येशू ख्रीष्ट) लागी दुलही छनौट गर्ने विषयमा स्वर्गका दुतहरु मध्य नहुने भन्नुभएको छ किनकी उहाँ स्वर्गमा स्वर्गदुतहरुसँग बास गर्नुहुन्छ।छनौटको प्रकिया एकदमै सटिक,पृथक र प्रष्ट थियो,जसरी उत्पत्ति २४:४ मा उल्लेख छ।

*"तर तिमी मेरै देशमा,मेरै कुटुम्बकहाँ जानु र मेरो छोरो इसाहाकको निम्ती एउटी पत्नी ल्याउनु!"*

हो,यसले स्वर्गबाट टाढा देशमा अर्थात पृथ्वीलाई जनाउदछ।हो,परमेश्वरले आफ्नो पुत्र ख्रीष्टको दुलहीको लागी मानवजातीबाटै छनौट गर्ने निर्णय गर्नुभयो।अनि उत्पत्ति २४:१० मा लेखिए अनुसार, हो,एलिएजरले १० वटा उँटहरु लिएर गए।यसले के चित्रण गर्दछ त?यसले लुका १९:१३ र लुका १५:८ मा उल्लेख भएको दस सुनका सिक्कालाई पनि संकेत गर्दछ।यसको खास अर्थ के हो त?यसले परमेश्वरको वचन,अझै त्यसभित्रका १० वटा सुनका सिक्कालाई पनि संकेत गर्दछ।यसको खास अर्थ के हो त?यसले परमेश्वरको वचन,अझै त्यसभित्रका १० वटा महान सत्यताहरुलाई चित्रण गर्दछ।हो, जसरी एलिएजरले ति १० वटा उँटहरु लिएर गए त्यसरी नै पवित्र आत्माले यि १० महान सत्यहरु मण्डलीमा ल्याउछन।जसरी युहुन्ना १६:१३ मा उल्लेख गरिएको छ।

*"तापनि जब उहाँ अर्थात सत्यको आत्मा आउनुहुन्छ,तब उहाँले तिमीहरुलाई सबै सत्यताभित्र डोऱ्याउनुहुन्छ;किनभने उहाँ आफ्नै तर्फबाट बोल्नुहुनेछैन,तर उहाँले जे सुन्नुहुनेछ,उहाँ त्यही बोल्नुहुनेछ;अनि उहाँले तिमीहरुलाई आउनेकुरा बताउनुहुनेछ।"*

हो,यो विशेष १० महान सत्यहरुलाई हामी पाठ ४६ मा अध्ययन गर्नेछौ।अनि,उत्पत्ति २४:११ मा हामी पढ्दछौ।

*"अनि साँझको बेला अर्थात त्यसबेला,जब स्त्रीहरु पानी भर्न बाहिर निस्कन्छन,उसले शहर बाहिर पानीको ईनारनिर आफ्ना उँटहरुलाइ घुँडा टेकायो।"*

यसले के प्रतिनिधित्व गर्दछ त?यो,जिवित पानी भएको पानीको कूवाको चित्रण हो अथवा बाइबल।

युहन्ना ४:१०

*"जवाफ दिएर उसलाई भन्नुभयो:"यदि तिमीले परमेश्वरको दान जानेकि भए,र 'मलाई पानी पिउन देउ' भनी तिमीलाई भन्ने को हो,चिनेकी भए तिमीले पो उनीसित माग्ने थियौ,र उनले तिमीलाई जिउँदो पानी दिनेथिए।"*

अनि हामी अझ तल पढ्दछौ,

*"अनि साँझको बेला अर्थात त्यसबेला,जब स्त्रीहरु पानी भर्न बाहिर निस्कन्छन,उसले शहर बाहिर पानीको ईनारनिर आफ्ना उँटहरुलाइ घुँडा टेकायो।"*

यसले विभिन्न भागका/देशका विस्वासीहरु परमेश्वरको जिवित वचनलाई खोजेको अवस्थालाई चित्रण गर्दछ।

४) रिबेका:मण्डली जन,रिबेका अनि सुन्दरी र कन्या थिईन भन्ने कुराले ख्रीष्टका दुलहीहरुलाई प्रतिनिधित्व गर्दछ जसले परमेश्वरको वचनको सिद्ध सत्यतालाई विश्वाससाथ खोज्ने चरित्रलाई चित्रण गर्दछ।अनि,अझै १९-२१ ले के जनाउदछ त?

*"१९अनि उसलाई पिउन दिइसकेपछि तिनले भनिन:"म तपाईका उँटहरुका निम्ती पनि,जबसम्म तिनीहरुले पिइसक्दैनन्,म पानी भर्नेछु।२०तब तिनले हतार गरेर आफ्नो गाग्रोको पानी डुँडमा खन्याइन्,अनि फेरी इनारमा पानी भर्न दगुरिन्;यसरी तिनले उसका सबै उँटहरुका निम्ती पानी भरिन्।२१ अनि परमप्रभुले मेरो यात्रा सफल तुल्याउनुभएको छ कि छैन भनी जान्नका निम्ती त्यो मानिस छक्क परेर तिनलाई हेर्दै चुप लागिरहयो।"*

यसले ख्रीष्टको दुलही हुन योग्य मण्डली जन,जसले यि सिद्ध सत्यहरु आफ्नो लागी मात्र नखोजेर अरुलाई बाँड्न/सिकाउन पनि आफ्नो व्यक्तिगत स्वार्थलाई पन्छाएर तत्पर हुने त्यो जोश र जाँगरलाई संकेत गर्दछ।अब हामी २२ पदमा पाउदछौ।

*“अनि यस्तो भयो:ऊँटहरूले पानी पिईसकेपछि त्यस मानिसले आधा शेकेल तौलको सुनको एउटा नत्थी र दश-दश शेकेल तौलको सुनको बाला निकाल्यो। ”*

यसले के जनाउदछ त?यि अनमोल उपहारहरु हुन।यसले जसरी ति अनमोल उपहारहरु एलिएजरबाट रिबेकालाई दिइयो,त्यसरी नै पवित्र आत्माद्वारा इश्वरिय उपहारहरु मण्डली जनलाई प्रदान गरिने कुरालाई चित्रण गर्दछ।सुनले इश्वरिय उपहारहरुलाई चिनाउँदछ जसरी पवित्र बासस्थानमा पनि पवित्र र महापवित्रस्थानका थोकहरु सुनद्वारा बनिएका थिए।



अनि नत्थहरुले सुन्ने कृयालाई संकेत गर्दछ अर्थात बुझाइको कान जुनचाही परमेश्वरले उहाँको इश्वरिय शक्तिद्वारा खोलिदिनुहुन्छ।येशू ख्रीष्टको शब्दहरुलाई याद गर्नुहोस “जसको कान छ,त्यसले सुनोस।"येशूले यो वचनमा जसले पवित्र आत्माद्वारा त्यो आत्मिक कान प्राप्त गरेको छ,त्यसले सुनोस भन्न खोज्नुभएको हो।

"बालाहरुले"–बालाले इश्वरिय आज्ञाद्वारा प्रभुको निम्ती काम गर्ने मौकालाई चित्रण गर्दछ,किनकी बाला हातमा लगाइन्छ र हातले काम अथवा सेवकाईलाई जनाउँदछ।तब, हामी यो पनि पढ्दछौ कि रिबेकालाई विवाह गर्ने पक्का भएपछि रिबेकाले अरु थप उपहारहरु पाउँदछिन जुन हामी उत्पत्ती २४:५३ मा पढ्न पाउछौ।



*"तब त्यस सेवकले चाँदीका गहनाहरु,सुनका गहनाहरु र वस्त्रहरु निकाल्यो र रिबेकालाई दियो; अनि उसले तिनका दाजु र तिनकी आमालाई पनि बहुमुल्य चिजहरु दियो।"*

यी उपहारहरुले ख्रीष्टिय विश्वास र उहाँको वचनको ज्ञानमा बढ्दै गरेको सम्भावित ख्रीष्टको दुलही जनहरुलाई मिल्ने उपहारलाई चित्रण गर्दछ।

“चाँदीका गहनाहरु“:यसले परमेश्वरको अनमोल सत्यलाई जनाउँदछ जुन हामी भजनसंग्रह १२:६ मा पढ्न सक्छौ।

*“परमप्रभुका वचनहरु शुद्द वचनहरु हुन माटोको भट्टीमा निखुर पारिएको,सातपल्ट खारिएको चाँदी जस्तो।”*

हो, प्रभुको वचनको अध्याय र शब्दहरु खोलिएका छन र प्रभुको दिब्य योजना (Divine Plan) चाँही सबैको समझको लागी प्रकट भएको छ।यो पहिलो उपहार हो।

“सुनका गहनाहरु“:यसले उहाँको अनमोल र महान प्रतिज्ञाहरुलाई जनाउँदछ जुन हामीले २ पत्रुस १:४ मा पढ्न पाउछौ। *"जसद्वारा हामीलाई अत्यन्तै ठुला र बहुमुल्य प्रतिज्ञाहरु दिइएका छन्,यसैले*

*कि यि प्रतिज्ञाद्वारा तिमीहरु यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर इश्वरीय स्वभावका भागीदारहरु होओ।"*

हो,सुनले महान स्वर्गिय मुक्तिको निमन्त्रणालाई चित्रण गर्दछ जुन अहिले ख्रीष्टको मण्डलीहरुको निम्ती प्रदान गरिएको छ जसबारे वृस्तित अध्ययन हामीले पाठ १७,१८,१९मा पढ्नेछौ।

३)लुगा:यसले "धार्मिकताको वस्त्रलाई चित्रण गर्दछ जसले हाम्रो पापहरुलाई ढाक्दछ र कृपाको स्वर्गिय सिंहासनसम्म जाने/पुग्ने बाटो खोल्दछ जसद्वारा हामी न्याय पाउनेछौ।

हो,पोशाकले उहाँले हामीलाई गर्ने न्यायमा कृपा र अनुग्रह अनि ख्रीष्टले कलबरीको क्रुशमा बगाउनु भएको रगतद्वारा हाम्रो पाप ढाकिने अवस्थालाई चित्रण गर्दछ।हो,मण्डली जनले यि सबै आत्मिक उपहारहरु पवित्र आत्माद्वारा पाउँदछन जसरी यस घटनामा एलिएजरले पवित्र आत्मालाई निर्देशित गरेको छ।अनि हामी अझै उत्पत्ति २४:५८ मा पढ्न सक्छौ,

*अनि तिनीहरुले रिबेकालाई बोलाएर तिनलाई सोधे:"के तिमी यस मानिसको साथमा जान्छ्यौ?"अनि तिनले भनिन्:"म जान्छु।"*



यसले मण्डली जन/वर्गको ख्रीष्टप्रतिको विश्वास र भरोसालाई संकेत गर्दछ र जस्तो सुकै परिस्थितिको बाबजुद पनि ख्रीष्टको पदचिन्हलाई पछ्याउने तदारुक्तालाई चित्रण गर्दछ।हो,उहाँलाई जसलाई हामी नदेखिकनै विश्वास गर्छौं।(१ पत्रुस १:८)हो,जसरी रिबेकाले आफ्नो जिवन आफ्नो हुनेवाला श्रीमानको (जसले उसको बारेमा सुनिन मात्र)लेखी दाउमा राखिन।त्यसरी नै यि मण्डली वर्गले ख्रीष्टसँग प्रत्यक्ष साक्षात्कार नभइ कनै उहाँलाई शारिरिक रूपमा नभेटेपनि आफ्नो बाँकी जिवन उहाँप्रति समर्पित गर्नेछन।अनि हामीले उत्पत्ति २४:६० मा त्यो बिछिट्ट आशिषलाई पढ्न पाउछौ।

*"अनि तिनीहरुले रिबेकालाई आशिर्बाद दिएर तिनलाई भने:"हे हाम्री बहिनी,तिमी लाखौ-लाखकी आमा होउ!अनि तिम्रो वंशले आफुलाई घृणा गर्नेहरुको मुलढोका अधिकार गरोस!"*

यो अति बिछिट्टको आशिष छ।यसको अर्थ के हो?कसरी एउटी स्त्रीले त्यति धैरै सन्तान जन्माउन सक्छिन्,कल्पना गर्नुहोस्,यस आशिषको यथार्थलाई हामी तब मात्र बुझ्छौ जब हामी यस घटनामा रिबेकाको वास्तविक चित्रण बुझ्दछौ।रिबेकाले मण्डली वर्गलाई चित्रण गर्दछ जुन हामीले हेरी सक्यौ जोहरु चाँही थुमाको दुलही भएर उहाँ सँगै महिमित हुनेछन।(प्रकाश २२:१७)अझ,उनीहरु दोश्रो आदमका (१ कोरिन्थी १५:४५) निम्ति दोश्रो हब्बा हुनेछन।र ख्रीष्ट र उहाँको दुलहीहरु (मण्डली वर्ग)

सँगै मिलेर पुनरुत्थानको समयमा पुरा संसारलाई जिवन र आशिषहरु दिनेछन।जसरी,हामी प्रकाश २२:१७ मा पढ्न सक्छौ।

*"अनि आत्मा र दुलही भन्नुहुन्छ:"आओ!"अनि जसले सुन्छ,उसले भनोस्:"आओ!"अनि जो तिर्खाउँछ ऊ आओस्!अनि जसले चाहन्छ,उसले सित्तैमा जीवनको पानी लेओस्!"*

हो,ति "हजारौ हजार"ले संसारका करौडो जनसन्ख्यालाई चित्रण गर्दछ।यसलाई हामी हितोपदेश ३१:१०-३१ मा पनि उच्च चरित्र भएकी स्त्रीको रूपमा व्याख्या भएको पाउदछौ अर्थ◌ात:यो मण्डली वर्ग, ख्रीष्टका दुलहीको प्रतिक हो। हितोपदेश ३१:२८ पदमा जसै पढ्छौ,

*"उसका छोराछोरीहरु उठ्छन् र उसलाई 'धन्यकी'भन्छन्,उसका पतिले पनि यसै भन्छन् र उसको प्रशंसा गर्छन।"*

हो,यसले संसारको सम्पूर्ण मानवजातीलाई चित्रण गर्दछ जोहरु पुनरुत्थानको समयमा सबै उठ्नेछन ख्रीष्ट र उहाँको दुलहीको सन्तान बन्नका लागी जसको सन्ख्या चा◌ँही हजारौ हजार भनिएको छ।अनि हामी उत्पत्ति २४:६१ मा पढ्न पाउछौ,

*"अनि रिबेका र तिनका सहेलीहरू उठे,ति उँटहरुमा चढे र त्यस मानिसको पछी लागे;अनि त्यो सेवक रिबेकालाई लिएर आफ्नो बाटो लाग्यो।"*

हो,घरमा फिर्ती यात्रा।यसले के जनाउदछ त?एलिएजरसँगै रिबेकाको यात्राले मण्डली वर्गको सु-समाचारिय युगमा पृथ्वीको यात्राको समय सिमालाई चित्रण गर्दछ।हो,स्वर्गिय कनानको यात्रा।अनि हामी अझ उत्पत्त◌ि २४:६२–६७ मा पढ्न सक्छौ,

*“६२ अनि इसाह◌ाक ‘बेर-लहै-रोइ’ भनिने इनारको बाटो भएर आए;किनकी उनी दक्षिण देशमा बस्थे।६३ अनि साँझ पर्दै गर्दा इसाह◌ाक ध्यान गर्न भनी मैदानमा निस्केका थिए;अनि उनले आफ्ना आँखाहरु उठाए,र हेरे;अनी हेर,उँटहरु आइरहेका थिए।६४ अनि रिबेकाले आफ्ना आँखाहरु उठाइन्,अनि जब तिनले इसाह◌ाकलाई देखिन्,तब तिनी हतारसँग उँटबाट ओर्लिन्।६५ किनकी तिनले त्यस सेवकलाई भनेकी थिइन:"हामीलाई भेट्न मैदानमा हिड्दै आउने मानिस को हुनुहुन्छ?" अनि त्यस सेवकले भनेको थियो:उहाँ मेरो मालिक हुनुहुन्छ।"६६ अनि त्यस सेवकले आफुले गरेका सबै कामहरु बतायो।६७अनि इसाह◌ाकले तिनलाई आफ्नी आमाको पालभित्र लगे;अनि उनले रेबेकालाई ग्रहण गरे,र तिनी उनको पत्नी भईन्;अनि उनले तिनलाई प्रेम गरे।अनि इसाह◌ाकले आफ्नी आमाको मृत्युपछि सान्त्वना पाए।"*

यी सबै वचनहरुले सु-समाचारिय युगको अन्त्य र येशू ख्रीष्टको दोश्रो आगमनलाई चित्रण गर्दछ जति बेला मण्डली वर्गले उसकी श्रीमान ख्रीष्टलाई भेट्नेछिन।त्यो उहाँको दोश्रो आगमनमा पहिलो

पुनरुत्थानमा हुनेछ जतिबेला ख्रीष्टमा मरेकाहरु (१ थेसलोनिकी ४:१६) बौरी उठ्नेछन।यस्तो गहिरो वृस्तित अध्ययन हामी आगामी पाठहरुमा गर्नेछौ।जब रिबेकाले इसहाकलाई देखिन आफ्नो अनुहार घुम्टोले छोपिन।अनि हामी के अनुमान लगाउन सक्छौ भने,इसहाकले आफ्नी श्रीमती रिबेकाको सुन्दरता हेर्न उनको घुम्टो उतारेको हुनुपर्छ।यसले ख्रीष्टले पनि आफ्नो दुलहीको सुन्दरता खोज्नुहुन्छ।येशू ख्रीष्टले कस्तो सुन्दरता खोज्नुहुन्छ त?यसलाई हामी १ पत्रुस ३:३,४ मा पढ्न सक्छौ,

*"३ तिमीहरुको सिंगार चाहीँ केश बाट्ने र सुनको गहना लाउने वा परीपरीका वस्त्र पहिरने बाहिरी सिंगार नहोस्,४ तर नम्र र शान्त आत्माको अविनाशी सिंगारले सिंगारिएको हृदयको भित्री मानिस होस्,जसको मुल्य परमेश्वरको दृष्टिमा धेरै हुन्छ।"*

हो,ख्रीष्टले हामीमा पवित्रता र शुद्दत्ताको सुन्दरता खोज्नुहुन्छ जुन चाँही धेरै सतावट र स्वयमलाई इन्कार गरेपछी मात्र प्राप्त हुन्छ।अनि त्यसपछी नै मण्डली प्रभुसँग सधै रहनेछिन।(१ थेसलोनिकी ४:१७) हो।जसरी इसहाक र रिबेकाको प्रेमकथा विवाहमा टुङ्गियो त्यसरी नै प्रकाश १९:७ मा लेखिए अनुसार ख्रीष्ट र मण्डली वर्गको प्रेमगाथा पनि ख्रीष्टको (थुमा) विवाहको दिनमा गएर अन्त्य हुन्छ।हो, हामीले पुरानो करारमा भएको  एउटा उदाहरणलाई हेर्‍यौ र कसरी त्यसले हामीलाई महान इश्वरिय सत्य सिकाउदछ भन्ने कुरा पनि अध्ययन गर्‍यौ।यसरी नै पुरानो करारमा पनि थुप्रै छाँया र उदाहरणहरु छन जस्तै :

- प्रस्थानमा उल्लेख भएको कनानको यात्रा,जसमा मोशा एक मध्यस्तताको माध्यमबाट कसरी इस्राएल मिश्रदेशको दासत्वको बन्धनबाट मुक्त भएको घटना।
- श्रेष्ठगीत(जसलाई Canticles पनि भनिन्छ)–जसमा प्रभु र उहाँको मण्डली वर्गको सम्बन्धलाई देखाउदछ।
- हिब्रु ९:९,१० मा उल्लेख भए अनुसार पवित्र  वासस्थान र त्यसमा चढाइने बलिदानहरु र त्यसको वृस्तित संकेत।
- मोशाद्वारा इस्राएली जातीलाई दिइएको नियमहरु र त्यसका विशेषताहरु जस्तै निस्तार चाड, जुबिली नियम आदि
- हो,पवित्र बाइबलको पुरानो करारमा यस्ता आत्मिक सत्यताका थुप्रै रत्नहरु भण्डार गरिएका/ लुकेका छन्,जुन हामी आउदो पाठहरुमा क्रमश अध्ययन गर्दै जानेछौ।



**“आमेन“**